सूचना!!! सूचना!!!

सूचना!!!

स्थानीय सरकार एन,२०७४ तथा बसबरिया गाउँपालिकाको बैठकको निर्णयबाट स्वीकृत ठेक्का बन्दोबस्त कार्यविधि अनुसार यस बसबरिया गाउँपालिका क्षेत्राधिकारभित्र पर्ने नदीहरु (येकार्शी/मनुस्मारा) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इक्छुक व्यक्ति वा फर्मलाई तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्णको गोप्य शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्ने सम्वन्धि सबैको जानकारीको लागि १५ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | नदीको नाम | नुयन्तम कबोल रकम | बोलपत्र दस्तुर रू. | अबधि | कैफियत |
|---|---|---|---|---|---|
| १/०७५/७६ | मनुस्मारा–हरकठवा सिमानादेखि उत्तर बरहथवा ना.पा.को सु.चु सिमानाको दक्षिण दनरवा टोल प्रसाद घाट सम्म | ७५,०००।– | ३००।– | एक वर्ष | |
| १/०७५/७६ | हरकठवाको उत्तर सिमाना देखि घरखानको बास सम्म येकार्शी नदि | ३१,०००।– | ३००।– | एक वर्ष | |

शर्तहरु:

१. ठेक्काको अबधि ठेक्का सम्झौता भएको मितिले माथि उलेखित वर्षसम्मको लागि हुनेछ ।

२. बोलपत्र दाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पस्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्नगएमा अक्षरलाई मान्यता दियिनेछ ।

३. आफुले कबोल गरेको अंकको ५% धरौटी नेपाल बैंक लि. स्थित बसबरिया नगरपालिकाको घरौटि खाता न.०२९०३००००००००३०००००२ मा नगदी जम्मा गरि सोको अर्धकट्टी सकलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ

४. जुनफर्मको नामबाट खरिद गरेको हो, सोहि फर्मको नामबाट मात्र दर्ता गर्नु पर्ने छ ।अन्य फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दियिने छैन । साथै हुलाकसेवा,कुरियर आदि बाट पठाएको बोलपत्र स्वीकार्य हुने छैन ।

५. शिलबन्दी खाममा कुन कार्यको लागि बोलपत्र दाखिला गरेको हो । स्पस्ट रुपले खुलाउनु पर्नेछ । साथै बोलपत्र दाताको नाम र ठेगाना स्पस्ट रुपले खाम बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फिर्ता नहुनेगरि माथि उलेखित रकम नेपाल बैंक लि. बसबरिया गाउँपालिकाको धरौटी खाता न. ०२९०३००००००००३०००००२ मा जम्मा गरि सोको सक्कली भौचर दाखिला गरि यस बसबरिया गाउँपालिकाको कार्यालय भवानीपुर,सर्लाहीबाट खरिद गरि १६औ दिन दिनको १२ बजे भित्र गाउँपालिकाको कार्यालय

भवानीपुर,सर्लाहीमा दर्ता गराउनुपर्नेछ । सोहि दिनको २:०० बजे ठेकदारको प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. फर्म नबिकरण भएको प्रमाण पत्र, स्थाई लेखा नंबर वा मू.अ.कर दर्ता प्रमाण पत्र आ.ब२०७४/७५ को कर चुक्ता प्रमाण साथै नागरिकता प्रमाण पत्रको प्रमाणित कागजात बोलपत्र साथै पेश गर्नु पर्नेछ ।

८. ठेक्कामा हालको कानुनी ब्यबस्थामा नेपाल सरकारबाट अन्य निर्णय भइ आएमा सोहि बमोजिम हुनेछ ।

९. यस गाउँपालिकाको तिर्नुपर्ने बाकि रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने बाकि बक्यौता देखिएमा त्यसता व्यक्तिहरुको नामको ठेक्का स्वीकृति हुने छैन ।

१०. पर्न आएका बोलपत्र स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११. आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर शुल्क बोलपत्र दाताले स्यम आफै ठेक्का रकमा थपगरि यसै कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. एन कानुनले निषेधित गरिएको तरिका अपनाई माछा मर्न पाइने छैन । माछा समात्नु पर्दा बंसी वा जालको प्रयोग गर्नु पर्ने छ । र माछा मार्दा स्थानीय मलाहहरुलाई प्रथमिकता दिनु पर्ने छ माछा समात्नु पर्दा बिस तथा करेन्ट वा बाताबरण प्रतिकुल असर गर्ने अन्य कुनै तरिकाको प्रयोग गर्न पाइने छैन ।

१३. बोलपत्र स्वीकृति भएको मितिले ७ दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न नआएमा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा नियमानुसार जफत हुनेछ ।

१४. आफुले कबोल गरेको बार्षिक ठेक्का अंकको एकमुस्ट रकम कुनै छुट नहुने गरि नगदै भुझाई सकेपछि मात्र सम्झौता भइ चलन पट्टा दिएनेछ ।

१५. बोलपत्र दाताले सम्झौता गरी चलन पट्टा लिई सकेपछी मानब सृजीत बन्द हडताल चक्काजाम वा अन्य कुनै प्राकृतिक वा मानवीय कारण बाट वा क्षति हुन गएमा कुनै किसिमको माफी वा मिन्हा दिईने छैन |

१६. नेपाल सरकार सङ्घीय मामीला तथा स्थानीय बिकास मन्त्रालय तथा नगरपालिकाबाट बेला बेलामा दिइएको नीति निर्देशन पालना गर्नु सम्वन्धित ठेकदारको कर्तव्य हुनेछ |

१७. ठेक्का सम्बन्धि कार्यालय तथा ठेकेदार बीच कुनै बिबाद उत्पन्न भएमा नगरपालिकाको निणर्य अन्तिम हुनेछ |

१८. सूचनामा उल्लेख भएको हकमा यहि सूचना बमोजिम र उल्लेख नभएको हकमा सार्बजनिक खरिद एन २०६३ स्थानीय सरकार संचालन तथा बसबरिया गाउँपालिकाबाट स्वीकृत नियमावली वा कार्यविधि वा प्रचलित कानुन बमोजिम हुनेछ |

२९. प्रतेक ठेक्काको बोलपत्र फारम छुटाछुट्टै बोलपत्र फारम खरिद गर्नु पर्नेछ |

२०. बोलपत्र ठेक्कासम्वन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिने छ ।

(राम प्रकाश राय)
नि. प्रमुख प्रशासकीय अधिकृत